# मिथिला लघुवित्त वित्तीय संस्था लि.
## Mithila Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था प्रदेश नं. २ कार्य क्षेत्र भएको)
**केन्द्रीय कार्यालय, ढल्केबर, धनुषा**


प.सं. २०७८/७९
च.नं.: ३२१

मिति : २०७८/०९/०७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**विषय : साधारण सभा तथा शेयर दाखिल खारेज कारोवार बन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७८/०९/०७ गते दिउसो ०३:३० बजे बसेको सञ्चालक समितिको २१७औं बैठकको निर्णय बमोजिम तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि तेह्रौं बार्षिक साधारण सभा गर्ने भएकोले सोको जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०७८ पौष २९ गते (तदनुसार जनवरी १३, २०२२) बिहीवार ।
समय : बिहान ११:०० बजे ।
स्थान : न्यू बौवा होटल एण्ड गेष्ट हाउसको सभा हल, मिथिला नगरपालिका. - १०, लालगढ, धनुषा ।

**छलफलका विषयहरू**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने तेह्रौं वार्षिक प्रतिवेदन आ.व. २०७७/०७८ उपर छलफल तथा पारित गर्ने ।

२. आ.व. २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण एवं सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर लाभांशमा लाग्ने कर प्रयोजनको लागि आ.व. २०७७/०७८ को मूनाफाबाट शेयरधनीहरुलाई २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पुंजी रु.१३ करोड ६३ लाख ४९ हजार ७४३ को १.३१५७८९५ (एक दशमलव तीन एक पाँच सात आठ नौ पाँच) प्रतिशत रकम रु.१७,९४,०७५.५७ (सत्र लाख चौरानब्बे हजार पचहत्तर दशमलव पाँच सात मात्र) नगद लाभाँश वितरण गर्ने तथा उक्त रकम कम्पनीले बुझाउने प्रस्ताव पारित गर्ने ।

४. बैंक तथा वितीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

**(ख) बिशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुंजी रु.१३ करोड ६३ लाख ४९ हजार ७४३ को २५ (पच्चिस) प्रतिशतले हुने रु.३,४०,८७,४३५.७५/- (तीन करोड चालीस लाख सतासी हजार चार सय पैतिस दशमलव सात पाँच मात्र) बराबरको बोनश शेयर लाभांश वितरण गर्न स्वीकृत गर्ने र सोहि हदसम्मको जारी पुंजी तथा चुक्ता पुंजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

२. यस वित्तीय संस्थाको तेह्रौं वार्षिक साधारण सभाबाट हाल सम्म कायम कूल चुक्ता पुंजी रु.१३ करोड ६३ लाख ४९ हजार ७४३ को २५ (पच्चिस) प्रतिशतले हुने रु.३,४०,८७,४३५.७५/- (तीन करोड चालीस लाख सतासी हजार चार सय पैतिस दशमलव सात पाँच मात्र) आ.व. २०७७/०७८ को प्रस्तावित बोनश शेयर लाभांश जारी गरे पश्चात यस वित्तीय संस्थाको कूल जारी पुंजी र चुक्ता पुंजी रु.१७ करोड ०४ लाख ३७ हजार १७८ दशमलव ७५ (अक्षरेपी सत्र करोड चार लाख सैंतीस हजार एक सय अठहत्तर रुपैया पचहत्तर पैसा मात्र) पुर्‍याउन प्रस्ताव पारित गर्ने सम्वन्धमा।

३. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव गरे बमोजिम (जारी पुंजी र चुक्ता पुंजी वृद्धि गर्ने एवं अन्य दफा तथा नियमहरुमा आवश्यक) संशोधन गर्ने सम्वन्धमा ।


ठेगाना :-मिथिला नगरपालिका-६, धनुषा , फोन नं.०४१-५६०१७२/५६०२१०
Email :-mithilabank@yahoo.com, Website:-mlbbank.com.np

४. यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनमा नियमनकारी निकायवाट कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुरुप गर्नका लागि सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्वन्धमा ।

५. यस वित्तीय संस्थाको हाल कायम रहेको जारी पूँजीको ६०% (प्रतिशत) संस्थापक शेयरधनी समूहको र ४०% (प्रतिशत) सर्वसाधारण शेयरधनीको शेयर स्वामित्व रहेकोमा सो संरचना ५१% (प्रतिशत) संस्थापक शेयरधनी समूहको र ४९% (प्रतिशत) सर्वसाधारण शेयरधनी समूहको शेयर स्वामित्व हुने गरी पूँजीको संरचना परिवर्तन गर्ने र सोही बमोजिम संस्थापक समूह र सर्वसाधारण समूहबाट सञ्चालकको प्रतिनिधित्व गर्ने व्यवस्था सम्बन्धीं प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

६. यस वित्तीय संस्था एक वा एक भन्दा बढी उपयुक्त लघुवित्तीय संस्थाहरुसंग एक आपसमा मर्ज (गाभ्ने/गाभिने) वा एक्विजीसन (प्राप्ति गर्ने/गराउने) कार्यको लागि दशौं साधारण सभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान दिएको अधिकार सो कार्य गर्न निरन्तरता दिने सम्बन्धमा ।

**(ग) बिविध ।**

तेह्रौं साधारण सभा प्रयोजनको लागि मिति २०७८ पौष १९ गते सोमवार १ दिनको लागि यस वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने तथा मिति २०७८ पौष १९ गते भन्दा अगाडी नेपाल स्टक एक्सचेन्ज लि.मा शेयर कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरु यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्सालमा नामसारीको लागि प्राप्त हुन आएको अभिलेखको आधारमा कायम हुने शेयरधनीहरुले मात्र तेह्रौं साधारण सभामा भाग लिन तथा बोनश शेयर लाभांश प्राप्त गर्नको लागि योग्य हुनेछन् ।

*संलग्न : साधारण सभा प्रयोजनका लागि मिति २०७८/०९/०८ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने सूचना पेज - १*

**बोधार्थ:**

(१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।

(२) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौं ।

(३) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

(४) श्री सि.डि.एस. एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाण्डौं ।

(५) श्री बि.ओ.के क्यापिटल मार्केट लि., नारायणचौर, नक्साल, काठमाण्डौं ।

भवदीय,

महेश कुमार चौधरी
कम्पनी सचिव